त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# काँकरभिट्टा बहुमुखी क्याम्पस

स्था : २०५५

# पूर्वाधार सदुपयोग कार्य योजना सम्बन्धी कार्यविधि-२०७७

(संसोधन-२०८१)

मेचीनगर नगरपालिका वार्ड नं.६,

काँकरभिट्टा (झापा)

कोशी प्रदेश

# काँकरभिट्टा बहुमुखी क्याम्पसको

# पूर्वाधार सदुपयोग कार्य योजना

# सम्बन्धी कार्यविधि-२०७७ (संशोधन-२०८१)

१. **प्रस्तावना :** यस काँकरभिट्टा बहुमुखी क्याम्पस अन्तरगत हाल भएका र भविष्यमा बन्ने पूर्वाधारहरुको अधिकतम उपयोग सम्बन्धी दीर्घकालीन कार्य योजना बनाउन वाञ्छनीय भएकाले क्याम्पसको विधान २०८० को बुँदा ७९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ ।

२. **नाम र प्रारम्भ :**

२.१. यस कार्यविधिको नाम काँकरभिट्टा बहुमुखी क्याम्पसको पूर्वाधार सदुपयोग कार्य योजना सम्बन्धी कार्यविधि २०७७ (संशोधन-२०८१) रहने छ ।

२.२. यो कार्यविधि सञ्चालक समितिले तोकेका मितिदेखि लागू हुने छ ।

३. **परिभाषा :**

३.१. यस कार्यविधिमा क्याम्पस भन्नाले काँकरभिट्टा बहुमुखी क्याम्पस भन्ने बुझ्नुपर्ने छ ।

३.२. यस कार्यविधिमा क्याम्पस प्रमुख भन्नाले काँकरभिट्टा बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख भन्ने बुझ्नुपर्ने छ ।

३.३. यस कार्यविधिमा सञ्चालक समिति भन्नाले क्याम्पसको सञ्चालक समिति बुझ्नुपर्ने छ ।

३.४. लेखा शाखा भन्नाले क्याम्पसको लेखा शाखा बुझ्नुपर्ने छ ।

३.५. यस कार्यविधिमा दाता भन्नाले क्याम्पसलाई आर्थिक तथा भौतिक सहयोग गर्ने दाता सम्झनुपर्ने छ ।

३.६. बजेट भन्नाले क्याम्पसको बजेट बुझ्नुपर्ने छ ।

३.७. क्याम्पस सभा भन्नाले काँकरभिट्टा बहुमुखी क्याम्पसको क्याम्पस सभा बुझ्नुपर्ने छ ।

३.८. यस कार्यविधिमा पूर्वाधार भन्नाले क्याम्पसको भोगाधिकारमा रहने गरी हालसम्म क्याम्पस आफैंले खरिद तथा निर्माण गरेका, विभिन्न दाता, व्यक्ति तथा संस्थाले निर्माण गरिदिएका र क्याम्पसको प्रयोजनका लागि भविष्यमा क्याम्पस आफैंले निर्माण गर्ने वा दाताहरुले निर्माण गरिदिने संरचना तथा पूर्वाधार सम्झनुपर्ने छ ।

४. **पूर्वाधार पहिचान :**

हालसम्म क्याम्पसको भोगाधिकारमा निम्मानुसारका भौतिक संरचना तथा पूर्वाधार रहेका छन् :

४.१. **जमिन :**

हाल क्याम्पसको भोगाधिकारमा मेचीनगर नगरपालिका वार्ड नं. ६ साविक नकलबन्दा गा.वि.स. वार्ड नं. ८ को काँकरभिट्टा मा.वि. को खेल मैदानको दक्षिणतर्फ,

काँकरभिट्टा मा.वि. को पश्चिम तर्फ, काँकरभिट्टा खार्सेपानी आयोजनाको उत्तरतर्फ र सतिघट्टा मार्गको पूर्वतर्फ अवस्थित कि.न.                    मा करिब १८ कठ्ठा जमिन रहेको छ ।

**४.२. सहरी विकास कोष (Town Development Fund–TDF) मार्फत निर्मित भवनः**

मेचीनगर नगरपालिकाको समन्वयमा सहरी विकास कोष मार्फत २०५८ सालमा निर्माण सम्पन्न भएको दक्षिणबाट उत्तर र पूर्वबाट पश्चिमतर्फ एल (L) आकारमा फैलिएको भवन क्याम्पसको प्रमुख संरचनाको रुपमा रहेको छ ।

**४.३. प्रजापति उप्रेती परिवारबाट निर्मित कोठा :**

मेचीनगर नगरपालिका वार्ड नं. ७ साविक नकलबन्दा-३ निवासी प्रजापति उप्रेती एवं परिवारको तर्फबाट निर्मित पश्चिमबाट पूर्वतर्फ फर्किएको भुइँतलामा निर्मित कोठा एक रहेको छ । यसको निर्माण २०६१ मा भएको हो ।

**४.४. महेन्द्र राजमार्ग कर्मचारी कल्याण कोषबाट निर्मित कोठा :**

काँकरभिट्टा स्थीत यातायात कर्मचारीहरुको संस्था महेन्द्र राजमार्ग कर्मचारी कल्याणकोषको तर्फबाट निर्मित पश्चिमबाट पूर्वतर्फ फर्किएको भुइँतल्लाको कोठा एक रहेको छ । यसको निर्माण २०.......... मा भएको थियो ।

**४.५. कूलप्रसाद उप्रेती परिवारबाट निर्मित कोठा :**

मेचीनगर नगरपालिका वार्ड नं. ६ साविक मेचीनगर नगरपालिका वार्ड नं. १० निवासी कूलप्रसाद उप्रेती एवं परिवारको तर्फबाट निर्मित पश्चिमबाट पूर्वतर्फ फर्किएको भुइँतल्लाको कोठा एक रहेको छ । यसको निर्माण २०............ सालमा भएको हो ।

**४.६. क्याम्पस स्वयंद्धारा निर्मित भवन :**

- क्याम्पस क्षेत्रबाट सतिघट्टा मार्गतर्फ फर्किएको प्रवेशद्धारको उत्तरतर्फ .......... वटा कोठा र दक्षिणतर्फ ............. कोठा सहितको भवन रहेको छ ।
- दाताहरु प्रजापति उप्रेती, कूलप्रसाद उप्रेती र महेन्द्र राजमार्ग कर्मचारी कल्याण कोषबाट निर्मित भवनको माथितर्फ (पहिल्लो तलामा) क्याम्पस स्वयंले निर्माण गरेको ३ कोठा सहितको भवन रहेको छ । यसको निर्माण २०.......... सालमा भएको हो ।

**४.७. सामाजिक विकास मन्त्रालय र नगरपालिकाको सहयोगमा निर्मित भवनः**

क्याम्पस कम्पाउण्डभित्र पूर्वबाट पश्चिम तर्फ फर्किएको सहरी विकास कोषद्धारा निर्मित भवनको माथिल्लो (पहिलो) तलामा सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ र मेचीनगर नगरपालिकाको सहयोगका निर्मित भवन रहेको छ । यसको निर्माण २०७७ सालमा भएको हो ।

### ४.८. पुस्तकालय भवन :

क्याम्पसको प्रवेशद्धारको उत्तरतर्फ सतिघट्टा मार्गसँग जोडिएर बनेको भवनको माथिल्लो (पहिलो) तलामा पुस्तकालय भवन रहेको छ ।

### ४.९. भानुभक्त आचार्यको शालिक र पुष्प वाटिका :

क्याम्पस प्रवेशद्धारबाट भित्र प्रवेश गर्नासाथ क्याम्पसको भूभागको करिब मध्यभागमा आदिकवि भानुभक्त आचार्यको पूर्ण कदको शालिक र सोसँगै पुष्पवाटिका रहेको छ । यसको निर्माण २०........... सालमा भएको हो ।

### ४.१०. खेल मैदान र खुल्ला स्थान :

क्याम्पस परिसरमा आदिकवि भानुभक्त आचार्यको शालिकको उत्तरतर्फ रहेको स्थानलाई खेल मैदानको रुपमा विकास गरिने छ भने दक्षिणतर्फ रहेको स्थानलाई खुल्ला मैदानको रुपमा विकसित र उपयोग गरिने छ ।

## ५. पूर्वाधार सदुपयोग योजना :

क्याम्पसको भोगचलन तथा स्वामित्वमा रहेको पूर्वाधारहरुको सदुपयोग सम्बन्धी निम्नअनुसारको विधि अवलम्बन गरिने छ :

### ५.१. कक्षा कोठा सञ्चालन :

क्याम्पसमा हाल निर्मित संरचनाहरु मध्ये BBS र B.Ed. कक्षा सञ्चालनका लागि १२ वटा कोठा प्रयोग गरिने छ । शैक्षिक कार्यक्रम र विद्यार्थी सङ्ख्याको वृद्धिसँगै थप कक्षा कोठा निर्माणको योजना बनाई कार्यान्वयन गरिने छ ।

### ५.२. सभा हल व्यवस्थापन :

हाल क्याम्पसमा रहेको करिब २०० सिट क्षमताको हललाई थप व्यवस्थित गर्दै क्याम्पस सभा हलका रुपमा प्रयोग गरिने छ ।

५.३. पहिलो चरणमा क्याम्पस सभा हलको दक्षिण तर्फको सम्पूर्ण कक्षालाई पुस्तकालय कक्षको रुपमा विस्तार गरिने छ । वि.सं. २०८० भित्रमा क्याम्पस प्रवेशद्धार उत्तरतर्फको भवनको माथिल्लो (पहिलो) तलामा पुस्तकालय निर्माण गरी स्थान्तरण गरिने छ ।

### ५.४. प्रशासनिक कक्ष, विभागीय कक्ष र फाँट सम्बन्धी व्यवस्था :

क्याम्पसको पूर्वतर्फ रहेको भवनको माथिल्लो (पहिलो) तलामा निर्माणाधीन संरचना आ.व. ०७७।०७८ मा पूरा गरी उक्त क्षेत्रमा प्रशासनिक कक्ष (क्याम्पस र सहायक क्याम्पस प्रमुख कक्ष), विभागीय कक्ष (नेपाली विभाग, अंग्रेजी विभाग, शिक्षा कार्यक्रम विभाग, व्यवस्थापन कार्यक्रम विभाग, अतिरिक्त कृयाकलाप तथा विद्यार्थी समन्वय

विभाग, प्रकाशन विभाग आदि) र फाँटहरु (प्रशासन, परीक्षा, लेखा, प्राथमिक उपचार आदि) को छुट्टा छुट्टै कक्षसहित व्यवस्थापन गरिने छ ।

**५.५. कक्षा कोठा विस्तार :**

क्याम्पसको दक्षिणतर्फबाट उत्तर फर्किएको भवनको माथिल्लो (पहिलो) तला थप गरी थप कक्षाकोठा विस्तार गरिने छ । यो कार्य आ.व. ०७९।०८० सम्ममा पूरा गरिने छ ।

**५.६. ICT कक्ष निर्माण :**

क्याम्पसमा छुट्टै ICT कक्ष निर्माण गरी सञ्चालनमा ल्याइने छ । यस प्रयोजनका लाथि क्याम्पसको पूर्वतर्फबाट पश्चिम फर्किएको भवनको दोस्रो तलामा थप संरचना निर्माणसहित ICT कक्ष सञ्चालन गरिने छ ।

**५.७. पार्किङ स्थल निर्माण :**

क्याम्पस कम्पाउण्डभित्र प्रवेश गर्ने शिक्षक र विद्यार्थीका सवारी साधन पार्किङका लागि क्याम्पसको उत्तरतर्फ रहेको खेल मैदानको उत्तरतर्फ पार्किङ स्थल निर्माण गरिने छ । यो कार्य आ.व. २०७८।०७९ मा सम्पन्न गरिने छ ।

**५.८. क्यान्टिन (चमेनागृह) निर्माण :**

क्याम्पस परिसरभित्र छुट्टै क्यान्टिन निर्माण गरी सञ्चालनमा ल्याइने छ । क्याम्पसको प्रवेशद्धारबाट दक्षिणतर्फ रहेको सतिघट्टा रोडतर्फ फर्किएको भवनको माथिल्लो (पहिलो) तलामा क्यान्टिन निर्माण गरी सञ्चालनमा ल्याइने छ । यो कार्य २०७८।०७९ मा सम्पन्न गरिने छ ।

**५.९. शौचालय व्यवस्थापन :**

क्याम्पसको भुइँ तलामा हाल भएका शौचालयहरुको स्तर उन्नति गरिने छ । प्रत्येक भवनको माथिल्लो तलामा संरचना निर्माणसँगै शौचालय समेत निर्माण गरिने छ ।

**५.१०. खेल मैदान व्यवस्थापन :**

क्याम्पस परिसर अन्तरगत भानुभक्तको शालिकको उत्तरतर्फ रहेको खाली स्थानलाई खेल मैदानको रुपमा विकसित गरिने छ । यो कार्य आ.व. २०७८।०७९ मा सम्पन्न गरिने छ ।

**६. बजेट तथा कार्य योजना :**

क्याम्पस अन्तरगत हाल संरचालनमा रहेका पूर्वाधारको स्तर उन्नति र नयाँ पूर्वाधार निर्माणका लागि प्रत्येक वर्ष अनुमानित लागत एवं कार्य सम्पन्न गर्न लाग्ने योजना सहितको प्रस्ताव सञ्चालक समितिमा पेश गर्न निम्न अनुसारको कार्यदल गठन गरिने छ :

- संयोजक : सञ्चालकमध्येबाट सञ्चालक समितिले व्यक्ति
- सदस्य : शिक्षकहरुमध्येबाट शिक्षकले छानेको व्यक्ति
- सदस्य : स्ववियू पदाधिकारी वा विद्यार्थी प्रतिनिधि - २ जना (न्युनतम एक छात्रा)
- सदस्य सचिव : क्याम्पस प्रमुख

**७. पूर्वाधार विकास कार्यान्वयन :**

क्याम्पसका पूर्वाधारको स्तर उन्नति तथा नयाँ पूर्वाधार निर्माणका लागि सञ्चालक समितिबाट प्रस्ताव पेश गर्न गठित कार्यदलले सञ्चालक समितिमा प्रस्ताव पेश गरेसँगै सञ्चालक समितिको तर्फबाट आवश्यक बजेट स्वीकृत गरी पूर्वाधारहरुको स्तर उन्नति तथा निर्माण सम्बन्धी कार्य अगाडि बढाउनु पर्ने छ ।

**८. समितिले निर्णय गरे बमोजिम हुने :**

क्याम्पस अन्तरगतका पूर्वाधारहरुको स्तर उन्नति, निर्माण र उपयोगिता सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषयमा सञ्चालक समितिले निर्णय गरे बमोजिम हुने छ ।

**९. व्याख्या गर्ने अधिकार :**

यस कार्यविधिको व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

**१०.संशोधन, खारेजी र बचाउ :**

**१०.१. संशोधन :** यस कार्यविधिमा संशोधन तथा परिमार्जनको अधिकार सञ्चालक समितिमा रहने छ ।

**१०.२. खारेजी :** यस कार्यविधि अन्तरगत उल्लेखित बुँदाहरु यदि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

**१०.३. बचाउ :** यो कार्यविधि जारी हुनु पूर्व भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

समाप्त

काँकरभिट्टा बहुमुखी क्याम्पस मेचीनगर-६ Kakarvitta Multiple Campus Mechinagar-6